# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असार ५ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सत्य निरूपण तथा मेलमिलाप आयोगमा कार्यरत सहसचिव श्री गोविन्द उपाध्यायले दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| ४ | अर्थ मन्त्रालय | नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा डा. गोपाल प्रसाद भट्ट, कैलालीलाई नियुक्ति गर्ने। |
| ५ | अर्थ मन्त्रालय | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण काभ्रे वितरण केन्द्रको लागि काभ्रे जिल्ला, नमोवुद्ध नगरपालिका वडा नं. २ वा ७ मा करिब १० आना निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ७ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण ईटहरी वितरण केन्द्रको लागि सुनसरी जिल्ला, वराहक्षेत्र नगरपालिकाको वडा नं. ६ वा ८ मा करिब २ बिघा निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण, धौबादी मेघौली १३२ के.भी. प्रसारणलाइन आयोजनाको लागि चितवन जिल्ला, भरतपुर महानगरपालिकाको वडा नं. १६, १७, १८ र २६ मा करिब ०.३८२५ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ९ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सडक विभागमा कार्यरत सि.डि.इ. श्री अमन चित्रकारलाई रा.प.प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा बढुवा गर्ने र अवकाश दिने। |
| १० | कृषि, वन तथा पर्यावरण मन्त्रालय | नेपाल सरकार र भारत सरकारबिच हस्ताक्षर हुने पशुपन्छी तथा मत्स्य विकाससम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने। |
| ११ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा कार्यरत माहुत श्री हरेकृष्ण चौधरीलाई निजको सेवा अवधिमा ५ वर्ष ६ महिना ८ दिन थप गरी अवकाश दिने। |

| | | |
|---|---|---|
| १२ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सिन्धुली र गोरखा जिल्लाको राष्ट्रिय वनको जग्गा कबुलियती वनको रूपमा उपलब्ध गराउन स्वीकृति दिनेसम्बन्धी सर्त संशोधन गर्न स्वीकृति दिने। |
| १३ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति, २०७९ खारेज गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| १४ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| १५ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | बचत तथा ऋण सहकारी (नियमन तथा सुपरीवेक्षण) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| १६ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिको लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने। |
| १७ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने। |
| १८ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | इजरायलको तेलअवीवमा २०८३ असार ७ देखि ११ गतेसम्म सञ्चालन हुने MuniExpo 2026, The International Municipal Conference (MuniWorld) कार्यक्रममा सहभागी हुन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोललाई स्वीकृति प्रदान गर्ने। |
| १९ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने। |
| २० | राष्ट्रिय सेवा दलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गर्ने। | |
| २१ | मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने। | |

# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असार १२ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८३ साउन ११ देखि १५ गतेसम्म Brunei Darussalam मा आयोजना हुने APG (Asia Pacific Group on Money Laundering) Annual Meeting & Technical Assistance Forum कार्यक्रममा सहभागी हुन सचिव श्री पुष्कर सापकोटालाई स्वीकृति प्रदान गर्ने। |
| २ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाललाई तालिम शिक्षालय, गुल्महरू तथा सिमा सुरक्षा पोष्टहरू निर्माण गर्नको लागि कैलाली, रुकूम (पूर्व), बाजुरा, ओखलढुङ्गा, दैलेख, डोटी, चितवन, सिन्धुली, महोत्तरी, इलाम, सुर्खेत, पाँचथर, बर्दिया र रौतहट जिल्लामा राष्ट्रिय वनको जग्गा भू-उपयोग परिवर्तन गर्ने गरी प्रयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| ३ | पूर्वाधार विकास मन्त्रालय | सडक विभागका सहसचिव (प्रा.) श्री प्रभात कुमार झाले दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| ४ | नेपाल सरकारका सचिवहरू श्री चिरञ्जिवी चटौत, श्री प्रमिलादेवी बज्राचार्य र श्री मधु सुदन बुर्लाकोटीलाई अवकाशको जानकारी दिने र हालसम्म गर्नु भएको योगदानको लागि नेपाल सरकारका तर्फबाट धन्यवाद दिने। | |

# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असार १८ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री कार्यसम्पादन एकाई (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०८३ स्वीकृत गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद पुनरावलोकन समितिको अध्यक्ष पदमा श्री सुशीलचन्द्र तिवारी तथा सदस्यहरूमा श्री महेश अर्याल र श्री थानेश्वर गौतमलाई नियुक्त गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय प्रतिवद्धता स्वीकृत गर्ने। |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरूका लागि एकीकृत प्याकेज स्वीकृत गर्ने। |
| ५ | अर्थ मन्त्रालय | जापान सरकारबाट मानव संसाधन विकास छात्रवृत्ति परियोजनाको लागि प्राप्त हुने जापानी येन ४१० मिलियन अनुदान सहायता स्वीकार गर्ने। |
| ६ | अर्थ मन्त्रालय | Integrated Water Supply and Sewerage Management (Sector) Project को लागि एसियाली विकास बैंकले प्रदान गर्ने ११५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| ७ | अर्थ मन्त्रालय | दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहायता भन्सार तथा लजिस्टिक्स सुधार कार्यक्रमको लागि एसियाली विकास बैंकबाट प्राप्त हुने ५० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने। |
| ८ | अर्थ मन्त्रालय | अर्थसम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ९ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उदयपुर सिमेन्टको चुनढुंगा एवं रातोमाटो उत्खनन अनुमतिपत्र जारी गर्न खानी तथा भूगर्भ विभागलाई स्वीकृति प्रदान गर्ने। |
| १० | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | हेटौंडा कपडा उद्योगलाई नेपाली सेना मार्फत् परीक्षण उत्पादन गर्ने व्यवस्था मिलाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ११ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | रानी जमरा कुलरिया सिंचाइ व्यवस्थापन कम्पनी संस्थापना गर्न स्वीकृति दिने। |
| १२ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, न्याय समूहका सहसचिव (रजिष्ट्रार) श्री इन्द्रबहादुर कार्कीको राजीनामा स्वीकृत गर्ने। |
| १३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सामुद्रिक कानूनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका सामुद्रिक जैविक विविधताको |

| | | |
|---|---|---|
| | | संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौता (BBNJ) अनुमोदनका लागि सङ्घीय संसद्‌मा पेस गर्न स्वीकृति दिने। |
| १४ | गृह मन्त्रालय | नेपाल प्रहरीका आठजना प्रहरी अतिरिक्त महानिरीक्षकहरूको सरूवा गर्ने। |
| १५ | गृह मन्त्रालय | २०८३ असार ३० देखि साउन २ गतेसम्म बेलायतमा आयोजना हुने Performance Management and Skills Development सम्बन्धी peer-to-peer अनुभव आदानप्रदान कार्यक्रममा प्रहरी महानिरीक्षक श्री दान बहादुर कार्कीलाई सहभागी हुन स्वीकृति दिने। |
| १६ | पूर्वाधार विकास मन्त्रालय | विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा धर्मराज खड्का, धनकुटालाई नियुक्ति गर्ने। |
| १७ | पूर्वाधार विकास मन्त्रालय | नारायणघाट-लोथर-हेटौंडा सडक योजना (पूर्वी खण्ड) र नारायणघाट-लोथर-हेटौंडा सडक योजना (पश्चिम खण्ड) को आ.व. २०८२/८३ को लागि आवश्यक अधिकृतस्तरका चार/चार अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १८ | पूर्वाधार विकास मन्त्रालय | निर्माणाधीन अवस्थामा रहेका विभिन्न सडक योजनाहरूको दायित्व व्यवस्थापन गर्नको लागि रकमान्तर गर्नेसम्बन्धी आदेश जारी गर्ने। |
| १९ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| २० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवा नियमावली, २०५० को नियम ११० र १११ बमोजिमको प्रक्रिया एवं कार्यविधि पुरा गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा नीहित अधिकार विभागीय मन्त्रीले गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्ने। |
| २१ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहका पन्ध्रजना कर्मचारीहरूको सरुवा गर्ने तथा कामकाजमा खटाउने। |
| २२ | रक्षा मन्त्रालय | २०८३ भदौ १५ देखि १७ गतेसम्म मित्रराष्ट्र क्यानाडाको भिक्टोरियामा सञ्चालन हुने 2026 Annual Chiefs of Defense (CHOD) Conference मा नेपाली सेनाका उपरथीलाई सहभागी हुन स्वीकृति दिने। |
| २३ | रक्षा मन्त्रालय | संयुक्त राज्य अमेरिकाको Honolulu, Hawaii मा २०८३ साउन २५ देखि २७ गतेसम्म आयोजना हुने Land Force Talks (LFT) को सातौं बैठकमा नेपाली सेनाका उपरथीको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने। |

| | | |
|---|---|---|
| २४ | रक्षा मन्त्रालय | UNDOF मिसन, सिरियामा Deputy Force Commander (DFC) को पदमा कार्यरत रहन नेपाली सेनाका सहायक रथीलाई स्वीकृति प्रदान गर्ने। |
| २५ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना महासेनानीको सहायक रथी दर्जामा बढुवा गर्ने। |
| २६ | रक्षा मन्त्रालय | नेपाली सेनाका पैंतालिस जना महासेनानीहरूको सरुवा गर्ने। |
| २७ | शिक्षा तथा खेलकुद मन्त्रालय | नेपाल शिक्षा सेवाका सहसचिव श्री रुद्रप्रसाद अधिकारीको राजीनामा स्वीकृत गर्ने। |
| २८ | शिक्षा तथा खेलकुद मन्त्रालय | शिक्षा नियमावली (दशौं संशोधन), २०८३ स्वीकृत गर्ने। |
| २९ | सूचना तथा सञ्चार मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष तथा सदस्य पदको नियुक्तिका लागि उम्मेदवार सिफारिस गर्न गठित समितिको म्याद थप गर्ने। |
| ३० | सूचना तथा सञ्चार मन्त्रालय | सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा श्री देवराज ढुङ्गाना, मोरङलाई नियुक्ति गर्ने। |
| ३१ | सूचना तथा सञ्चार मन्त्रालय | गोरखापत्र संस्थानको महाप्रबन्धक पदमा श्री हिक्मत बहादुर रावल, कैलालीलाई नियुक्ति गर्ने। |
| ३२ | राष्ट्रिय सदाचार नीति, २०८३ स्वीकृत गर्ने। | |
| ३३ | राष्ट्रिय विज्ञापन नीति, २०८३ स्वीकृत गर्ने। | |
| ३४ | महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेलको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको प्रमुख सचिव पदमा सरूवा गर्ने। | |
| ३५ | नेपाल सरकारका सचिवहरू डा. कृष्णहरि पुष्कर मिति २०८३/३/२४ देखि र श्री खगेन्द्रप्रसाद नेपाल मिति २०८३/३/२८ देखि अनिवार्य अवकाश हुनुहुने हुँदा उहाँहरूलाई अवकाशको जानकारी दिने। | |

# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असार २४ गतेको बैठकका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सुपर दोर्दी जलविद्युत आयोजना "ख" को १३२ के.भि. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि लमजुङ जिल्लाको दोर्दी गाउँपालिकाको वडा नं. ६ र ७ मा रहेको राष्ट्रिय वन क्षेत्रको ५.०३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| २ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सुपर सेती जलविद्युत आयोजना निर्माणको लागि कास्की जिल्लाको माछापुच्छ्रे गाँउपालिका वडा नं. १ मा रहेको राष्ट्रिय वनको ४.८५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ३ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | लाङटाङ खोला जलविद्युत आयोजनाको १३२ के. भि. प्रसारणलाइन आयोजना निर्माणको लागि रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका वडा नं. ५ र आमाछोदिङमो गाउँपालिका वडा नं. ४ मा रहेको ४.४४९८ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ४ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | हेटौंडा ढल्केबर ४०० के.भि. विद्युत प्रसारणलाइन आयोजनाको मकवानपुर खण्डको Alignment परिवर्तनको लागि मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका-१५ र बकैया गाउँपालिका २ मा रहेको राष्ट्रिय वन क्षेत्रको २.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | राष्ट्रिय कृषि नीति, २०८३ स्वीकृत गर्ने। |
| ६ | पूर्वाधार विकास मन्त्रालय | फोहोरमैला व्यवस्थापनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| ७ | पूर्वाधार विकास मन्त्रालय | अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यावधि २०८८ असार मसान्तसम्म थप गर्ने। |
| ८ | पूर्वाधार विकास मन्त्रालय | काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदमा श्री सुरज शाक्य, काठमाडौंलाई नियुक्ति गर्ने। |
| ९ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने। |
| १० | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका नौजना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने। |

| | | |
|---|---|---|
| ११ | शिक्षा तथा खेलकुद मन्त्रालय | गेटा अस्पताल, कैलालीलाई शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने। |
| १२ | शिक्षा तथा खेलकुद मन्त्रालय | विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १३ | शिक्षा तथा खेलकुद मन्त्रालय | शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १४ | सूचना तथा सञ्चार मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा श्री अर्जुन घिमिरे, अर्घाखाँचीलाई नियुक्त गर्ने। |
| १५ | सूचना तथा सञ्चार मन्त्रालय | प्रेस काउन्सिलको रिक्त अध्यक्ष पदमा श्री उमेश श्रेष्ठ, काठमाडौंलाई मनोनयन गर्ने। |
| १६ | कारागार नियमावली, २०८३ स्वीकृत गर्ने। | |
| १७ | मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (२०८३।८४-२०८७।८८) स्वीकृत गर्ने। | |
| १८ | भ्रष्टाचार विरूद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२।८३-२०८७।८८) स्वीकृत गर्ने। | |
| १९ | राष्ट्रिय यातायात नीति, २०८३ स्वीकृत गर्ने। | |
| २० | निजी क्षेत्रको संरक्षण र प्रवर्धन रणनीति स्वीकृत गर्ने। | |
| २१ | नेपाल सरकारका मुख्यसचिव श्री सुमनराज अर्याल २०८३।३।२६ देखि अवकाश हुनुहुने हुँदा उहाँलाई अवकाशको जानकारी दिने र हालसम्म गर्नुभएको योगदानको लागि धन्यवाद दिने। | |
| २२ | नेपाल सरकारको मुख्यसचिव पदमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री गोविन्द बहादुर कार्कीलाई २०८३।३।२६ देखि लागु हुने गरी बढुवा गर्ने। | |

# नेपाल सरकार, २०८३ असार ३० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| २ | अर्थ मन्त्रालय | फलफूल तथा तरकारी मूल्य श्रृङ्खला विकास आयोजना, दोस्रो चरणको लागि कोरिया सरकारबाट प्राप्त हुने अमेरिकी डलर १० मिलियन अनुदान सहायता स्वीकार गर्ने। |
| ३ | अर्थ मन्त्रालय | युरोपियन युनियन (EU) बाट सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयनको लागि प्राप्त हुने यूरो ८.८५ मिलियन अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरणको नयाँ सवस्टेशन निर्माणका लागि चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ मा करिब ४७९८.२७ वर्ग मिटर, वडा नं.२७ मा करिब ४७९८.२७ वर्ग मिटर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ८ मा करिब ४७९८.२७ वर्ग मिटर र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, सरावल गा.पा. वडा नं. ४ मा करिब ४७९८.२७ वर्ग मिटर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूचीमा हेरफेर गर्ने। |
| ६ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सुपर तमोर जलविद्युत आयोजना (१६६ मे.वा.) निर्माणको लागि कञ्चनजङ्घा संरक्षण क्षेत्र अन्तर्गतको फक्ताङलुङ गाउँपालिकाको वडा नं. ६ र ७ मा रहेको राष्ट्रिय वन क्षेत्रको कुल १३.१६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ७ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा आगजनीमा क्षति भएको सवारी साधनको मिनाहा गर्न स्वीकृति दिने। |
| ८ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | बीउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ९ | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपालका विशेष प्रकृतिको High Altitude Search and Rescue तथा Deep Water Diving (गोताखोर) तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूलाई सम्बन्धित दर्जाको तलब स्केलको १५ प्रतिशतका दरले मासिक जोखिम भत्ता उपलब्ध गराउने। साथै, विपद् तथा दुर्घटनाको समयमा उद्दार कार्यमा खटिने सशस्त्र प्रहरी कर्मचारीलाई विपद्जन्य उद्दार कार्यमा खटिएको दिनमा प्रतिदिन रू.५००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने। |
| १० | गृह मन्त्रालय | २०८३ असार ३२ गते भारतको नयाँ दिल्लीमा आयोजना हुने 5th BIMSTEC National Security Chiefs (BNSCs) को बैठकमा सहभागी हुन गृह मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| ११ | पूर्वाधार विकास मन्त्रालय | उदयपुर जिल्ला साविक कटारी गा.वि.स. वडा नं. १ को ०-८-११-० विघा जग्गा मदन भण्डारी राजमार्ग योजनालाई प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| १२ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | रुस-नेपाल सहयोग तथा मैत्री समाजको सहकार्यमा २०८३ साउन १ देखि १० गतेसम्म नेपाल र रुसी महासंघबिच कुटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको अवसरमा मस्कोस्थित नेपाली राजदूतावासमा आयोजना हुने समारोहमा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने। |
| १३ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका एकजना सहायक रथीको पदावधि थप गर्ने। |
| १४ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक प्राविधिक सेवाका एकजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने। |
| १५ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका बीसजना सहायक रथीहरूको सरुवा गर्ने |
| १६ | शिक्षा तथा खेलकुद मन्त्रालय | अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा पदक हासिल गरेका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापक गरी १०१ जनालाई नगद पुरस्कार तथा सम्मान पत्र प्रदान गर्न स्वीकृति दिने। |
| १७ | सूचना तथा सञ्चार मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा क्षति भएको सम्पत्ति तथा जिन्सी मालसामानहरू मिनाहा गर्न स्वीकृति दिने। |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | दक्षिण कोरियाको बुसानमा आयोजना हुने UNESCO World Heritage Committee को ४८ औं सेसनमा २०८३ साउन ३ देखि ९ गतेसम्म सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई स्वीकृति दिने। |
| १९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल वायुसेवा निगम सञ्चालक समितिका अध्यक्ष श्री महेश्वर भक्त श्रेष्ठलाई महाप्रबन्धकको काम, कर्तव्यसमेत सुम्पी कार्यकारी अध्यक्ष नियुक्त गर्ने। |
| २० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री किरणराज शर्मा सेवा अवधिका कारण २०८३।०४।०४ देखि अवकाश हुनुहुने हुँदा उहाँलाई अवकाशको जानकारी दिने र हालसम्म गर्नुभएको योगदानको लागि नेपाल सरकारको तर्फबाट धन्यवाद दिने। | |
| २१ | अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट विगतमा गठन भएका जाँचबुझ आयोगहरू- उच्च अदालतका पूर्व न्यायाधीश श्री बाबुराम रेग्मीको अध्यक्षतामा गठन भएको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८१ र विशेष अदालतका पूर्व अध्यक्ष श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा गठन भएको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ ले पेश गरेका प्रतिवेदनहरू गृह मन्त्रालयले सार्वजनिक गरी तत्काल कार्यान्वयन गर्ने। | |
| २२ | राजपाङ्कित विशिष्ट श्रेणीका छजना सचिवहरूको सरूवा गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असार ३२ गतेको बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | | अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकको माग सम्बोधन गर्ने सम्बन्धमा वार्ता गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री पुष्कर सापकोटाको संयोजकत्वमा अर्थ मन्त्रालय, गृह मन्त्रालय र भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिवहरू सदस्य रहेको वार्ता टोली गठन गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा आगजनी तथा तोडफोडको क्रममा पूर्ण रूपमा क्षति भएका सवारी साधन, जिन्सी मालसामानहरू तथा भौतिक सम्पत्ति मिनाहा गर्ने। |
| ३ | अर्थ मन्त्रालय | नेपाल कानून सूचना पाइलट प्रणाली स्थापनाका लागि कोरिया सरकारबाट प्राप्त हुने १.८१ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्बाट संरक्षित क्षेत्र भित्रको राष्ट्रिय वनक्षेत्रमा रहेका रूख/पोल हटाउन स्वीकृति लिएका क्षेत्रभित्र थप रूख/पोल हटाउन प्रचलित कानूनी प्रक्रिया पूरा गरी मन्त्रालयले स्वीकृति दिन सक्ने। |
| ५ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | भोटेकोशी-१ जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारणलाइन आयोजना निर्माणको लागि सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका वडा नं. ४ स्थित गौरीशंकर संरक्षण क्षेत्र अन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको कूल १.७९२३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ६ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा आगजनी तथा तोडफोडको क्रममा पूर्ण रूपमा क्षति भएका सवारी साधन, जिन्सी मालसामानहरू तथा भौतिक सम्पत्ति मिनाहा गर्ने। |
| ७ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गत कार्यरत बरिष्ठ बाली विकास अधिकृत (रा.प. द्वितीय) डा. प्रकाश आचार्यलाई SAARC Agriculture Centre, Dhaka मा Senior Program Specialist पदमा तीन वर्षका लागि काजमा खटाउन स्वीकृति दिने। |
| ८ | | नेपाल सरकारका मन्त्रालय र मातहतका निकायहरूको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने। |
| ९ | | नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन)(दोस्रो संसोधन) आदेश, २०८३ स्वीकृत गर्ने। |
| १० | | सेवा करारमा कार्यरत कर्मचारीको व्यवस्थापनसम्बन्धी व्यवस्था स्वीकृत गर्ने। |